# बौद्ध धर्म

## जिज्ञासुलाई जवाफ

डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital

# बौद्ध धर्म

## जिज्ञासुलाई जवाफ

Dhamma.Digital

डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital

प्रकाशिका
शारदा देवी कायस्थ
छ २–३५८ ठमेल
काठमाडौं-२९, नेपाल।

प्रथम संस्करण २००० प्रति

बुद्ध संवत् २५४३
विक्रम संवत् २०५६
इस्वी संवत् १९९९

मूल्य रू. १५।-

**मुद्रक**
**बागमती छापाखाना**
गाबहाल टोल, वनबहाल
ललितपुर-१८
फोन: ५३३८४७

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# समर्पण

राष्ट्रहितका लागि नव निर्वाचित
माननीय सकल सांसदहरूमा
बधाई समर्पण !
यस पुस्तिका लेख्ने प्रयासले प्राप्त पुण्यको आनुभावद्वारा
यस सरकारले
प्रजातन्त्रको सुदृढकरण गर्दै
हाम्रो नेपालमा
बौद्धिक, भौतिक अभिवृद्धि र
सत्य, शान्ति, सुरक्षा गर्न सकुन् !
भन्ने मंगलकामना गर्दछु !!

डा. भिक्षु सुनन्द
अध्यक्ष
**सिद्धार्थ विश्वविद्यालय**
(योजना तथा स्रोत परिचालन समिति)

Downloaded from http://dhamma.digital

# दुई शब्द

विपश्यना ध्यान भावना बढ्दै गएपछि भगवान् बुद्धप्रति श्रद्धा भएकोले उपत्यकाका विभिन्न विहारहरूमा जाने इच्छा भयो। अनागारिका संघरक्षिता गुरुमालाई धेरै वर्षपछि भेट्ने मौका पाएँ। उहाँमार्फत डा. भिक्षु सुनन्दलाई भेट्न गएँ र परिचय पनि भयो। सोही दिन डा. भिक्षु सुनन्दको टेबुलमा *बौद्ध धर्म : जिज्ञासुलाई जवाफ* नामक पुस्तक देखें। उक्त पुस्तक पढ्ने इच्छा भएर उहाँलाई अनुरोध गरें र पढेर हेरें। यो पुस्तक सरल र सरस भाषामा छलफलको रूपमा लेख्नुभएको रहेछ। यो सानो पुस्तिका भएपनि यसमा समावेश भएका प्रश्न उत्तरहरू गहकिला र धेरै ज्ञानवर्द्धक भएको हुनाले छाप्ने इच्छा भयो। उक्त पुस्तक छपाउने कुरा उठ्दा सो काममा सहयोग गर्ने इच्छा पनि जाग्यो। अनि सुनन्द भन्तेलाई उक्त पुस्तक प्रकाशित गर्दा लाग्ने खर्च व्यहोर्ने इच्छा जाहेर गरें र उहाँको अनुमति लिएर प्रकाशित गरेको छु। पाठकहरूले यस पुस्तक अध्ययन गरेर छोटो समयमा धेरै ज्ञान हासिल गर्नु हुनेछ भन्ने आशा लिएको छु। विपश्यना भावनाको फलस्वरूप धर्मको काममा एक पाइला अगाडि बढाउन सकेकोमा खुशी लागेको छ। आशा छ यो पुस्तक पढेर पाठकवर्गलाई बुद्धधर्मको राम्रो जानकारी हुनेछ। अस्तु !

शारदा देवी कायस्थ

Downloaded from http://dhamma.digital

# बौद्ध धर्म
## जिज्ञासुलाई जवाफ

गृहस्थी – नमस्ते ! म सरला अमात्यको ।

भिक्षु – सुखी होस् !

प्रश्न – तपाईंको नाम के होला ?

उत्तर – म डा. भिक्षु सुनन्द हुँ ।

प्रस्ताव – तपाईसंग केही प्रश्नहरू सोधौं कि भनी जिज्ञासा भइरहेको छ ।

अनुमति – हुन्छ – सोध, के प्रश्न होला ?

प्रश्न – हामी गृहस्थीहरूले तपाईं भिक्षुलाई के भनी बोलाउने ? वा सम्बोधन गर्ने ?

उत्तर – भगवान बुद्धका शिष्य हामी भिक्षुहरूलाई गृहस्थीहरूले "भन्ते," भनी गौरवपूर्वक बोलाउने चलन छ ।

प्रश्न – तपाईं किन भिक्षु बन्नु भएको ?

उत्तर – संसारमा पाप भय धेरै छन् । यो मेरो अनित्य जीवन नाशिएर जानु अघि मैले निर्वाण अथवा निर्वाणको प्रथम चरण सोतापति मार्गफल भए पनि लाभ गर्नु नै पर्छ । नत्र यस्तो अमूल्य चेतनशील मानवचोला व्यर्थै बितेर गयो भने म फेरि जन्म, जरा, व्याधि, मरण दुःखको भुमरीमा परिएला भन्ने डरले मोक्ष तथा निर्वाण सुखको गवेषणमा म गृहस्थी जीवन छोडी बुद्धको शरणमा आई भिक्षु बनेको हुँ ।



Downloaded from http://dhamma.digital

प्रश्न – बुद्ध भनेको को हुन् ?

उत्तर – प्राणीहरूको दुःख, दुःखको कारण, दुःखको अन्त र दुःखलाई अन्त गर्ने उपाय (सत्य) पत्ता लगाउनुभएको महान् व्यक्तिलाई बुद्ध भनेको हो । वहाँ हुनुहुन्छ आजभन्दा २६२३ वर्ष अगाडि (६२३ इस्वी संवत् पूर्व) लुम्बिनी, नेपालमा जन्मनु भएका सिद्धार्थ राजकुमार । वहाँले २९ वर्षको उमेरमा आफ्ना प्रिय पत्नी, छोरो, बुबा आदि सबै परिवार एवं सम्पूर्ण राज्य सम्पत्ति त्याग गरी भिक्षु बनेर बुद्धगयाको जंगलमा ध्यान गर्दै ३५ वर्षको उमेरमा वहाँले बोधिज्ञान प्राप्त गनुर्भयो, जुन ज्ञान हासिल गर्नाले प्राणीहरू जन्म, जरा, व्याधि, मरणबाट मुक्त हुन्छन् । यसरी आफूले प्राप्त गर्नुभएको सत्य ज्ञान जगत प्राणीलाई उद्धारको लागि दिई निर्वाण मार्ग दर्शाउनु भएको महापुरुषलाई भगवान् बुद्ध भनेको हो ।

प्रश्न – बुद्धधर्म भनेको के हो ?

उत्तर – शील, समाधि, प्रज्ञाको आचरण तथा भाविता गर्नाले जीवन मुक्ति निर्वाण प्राप्त हुन्छ भन्ने बुद्धको उपदेशलाई बुद्धधर्म भनिएको हो । वहाँले ४५ वर्षसम्म दिनुभएको उपदेशहरूको संकलन टिपिटक सबै बुद्धधर्म हो ।

प्रश्न – बुद्धधर्म भनेको र बौद्ध धर्म भनेकोमा के फरक छ ?

उत्तर - बुद्धको मौलिक उपदेश टिपिटकलाई बुद्धधर्म भनिएको हो र बुद्धका अनुयायी बौद्ध विद्वान्हरूले आ-आफ्ना अवधारणा समेटेर बुद्धका उपदेश तथा टिपिटकलाई व्याख्यान गरिराखेका अर्थकथा सहित बुद्धका उपदेशहरू सबैलाई

बौद्ध धर्म भनिएको हो ।

प्रश्न – महायान बुद्धधर्म र थेरवाद बुद्धधर्ममा के फरक छ ?

उत्तर – थेर (स्थविर) र महाथेर (महास्थविर) भिक्षुहरूले धारण पालन गरी आएका बुद्धको पुरानो उपदेश (धर्म) पालि भाषामा संकलन गरिराखेकोलाई थेरवाद बुद्धधर्म भन्ने चलन छ । अनि पछि संस्कृत भाषामा संकलन विकास गरी प्रव्रजित तथा गृहस्थी बौद्धहरूले धारण पालन गरिआएका बुद्धको उपदेश (धर्म)लाई महायान बुद्धधर्म भनिएको हो । यसरी धर्मको व्याख्यान तथा अवधारणा अलि फरक भए तापनि थेरवाद र महायान बौद्धहरूले त्यही शाक्यमुनि बुद्धलाई मानिराखेका छन् ।

प्रश्न – महायान बुद्धधर्म कुन देशमा मानिएको छ ? र थेरवाद बुद्धधर्म कहाँ कुन देशमा मानिएको छ ?

उत्तर – चीन, तिब्बत, भियतनाम, जापान, कोरिया र मंगोलिया आदि देशहरूमा मानिसहरूले महायान बुद्धधर्मलाई मानिआएका छन् र श्रीलङ्का, म्यानमार (बर्मा), थाइल्याण्ड, लावस, क्याम्बोडिया आदि देशहरूमा जनताहरूले थेरवाद बुद्धधर्मलाई मानिआएका छन् । नेपाल, भारत तथा अष्ट्रेलिया, अमेरिका, यूरोप, अफ्रिका आदि देशहरूमा दुवै महायान र थेरवाद बुद्धधर्म प्रचार प्रसार भइरहेका छन् । बुद्धधर्म विश्वको एक महान् धर्म हो ।

प्रश्न – संसारमा बौद्धहरूको संख्या कति छ त ?

उत्तर – संसारमा बौद्धहरूको संख्या अन्दाजी एक अर्वभन्दा बढी छन् ।



Downloaded from http://dhamma.digital

प्रश्न – हाम्रो नेपालमा बौद्धहरूको संख्या कति छ नि ? अनि भिक्षुहरू मात्र कति छन् ?

उत्तर – हाम्रो नेपालको जनसंख्याको आधाभन्दा बढी बौद्धहरू हुन् । थेरवाद भिक्षु श्रामणेरहरू एकसय चानचून् मात्र छन् । तर महयान तथा तिबेतियन भिक्षुहरू त दशौं हजार छन् । हाल नेपालमा बौद्ध जागरण आई रहेको छ र बुद्धधर्मलाई मान्ने जनताहरू दिन प्रतिदिन बढ्दै आएका छन् ।

प्रश्न – बौद्ध भनेको को हुन् ? र यहाँहरूका अवधारणा के हो ?

उत्तर – बुद्ध, धर्म, संघलाई सर्वोत्तम शरणको रूपमा मान्ने तथा यी (त्रिरत्न) प्रति आस्था राखी सदाचार जीवन यापन गर्ने भिक्षु, भिक्षुणी तथा उपासक, उपासिकाहरू सबैलाई बौद्ध भनिन्छ । बौद्धहरूले कर्म र कर्मको फल अथवा हेतु र प्रत्ययलाई विश्वास गर्दछन् तथा जीवन, संसार सबै अनित्य, दुःख र अनात्म भनी अवधारणा गर्दछन् ।

प्रश्न – बौद्ध बन्नुलाई के गर्नु पर्छ ? के हामी पनि बौद्ध बन्नु हुन्छ ?

उत्तर – बौद्ध बन्न चाहने व्यक्तिको मनमा पवित्र श्रद्धा राखी भित्री हृदयले "बुद्ध, धर्म, संघ नै मेरो सर्वोत्तम शरण हो ।" भनी ग्रहण मनन तथा धारणा गर्नु पर्दछ । विधिवत बौद्ध हुनलाई मन एकचित्त गरी स्वयम् समर्पित भएर उपसम्पदा भिक्षुको समक्षमा बसेर तल उल्लेखित सूत्र तथा बौद्ध बन्ने प्रतिज्ञा तीन चोटि भन्नु पर्दछ । जस्तैः–

बुद्धं सरणं गच्छामि – म बुद्धको शरणमा जान्छु ।



Downloaded from http://dhamma.digital

धम्मं सरणं गच्छामि – म धर्मको शरणमा जान्छु।

संघं सरणं गच्छामि – म संघको शरणमा जान्छु।

यति भनेर बुद्ध, धर्म, संघलाई तीन चोटि वन्दना अथवा पंचाङ्ग दण्डवत गर्नु पर्दछ। बौद्ध बनेको मानिसले (१) प्राणी हिंसा, (२) चोरी, (३) काम मिथ्याचार, (४) झूठ र (५) मादक तथा नशालु पदार्थ सेवन गर्नु हुँदैन। उपसम्पदा भिक्षुले यो शिक्षा दीक्षा सबै विधिपूर्वक दिनुहुन्छ। यसरी त्रिशरण सहित उक्त ५ वटा शील नियमहरू पालन गर्ने व्यक्तिलाई बौद्ध भनी मानिन्छ। यस्तो इच्छा भएमा तिमी अथवा जो कोही पनि बौद्ध बन्न सकिन्छ। तिमी यसरी बौद्ध बनेमा धेरै पुण्य लाभ हुन्छ र तिमीलाई सुगतिको बाटो खुल्छ। दान, शील, भावनामय पुण्यले मानवचोला सफल हुन्छ।

प्रश्न – हामी बौद्ध भएमा हामीलाई के फाइदा हुन्छ ?

उत्तर – बुद्धधर्म तथा बौद्ध धर्म भनेको प्रज्ञा ज्ञानले सम्पन्न सद्धर्म हो। यस्तो सद्धर्मको सहभागी बौद्ध हुन पाउनु नै तिम्रो लागि ठूलो पुण्य र सौभाग्यको कुरा हो। पूर्व जन्ममा धेरै पुण्य गरेर आएका मानिसहरू मात्र राम्रो बौद्ध हुन सक्छन्। पूर्व जन्मको पुण्य नभएको व्यक्तिले अहिले सदाचारी बौद्ध हुने चेष्टा गरेमा त्यो पनि राम्रो धर्मको प्रारम्भ हो, जुन चेष्टालाई भाविता, बहुलिकता, विकास तथा वस्तुकरण गर्नाले मानिसको भविष्य जीवन सुखी र उज्ज्वल बन्छ। लोभ, द्वेषलाई हृदयले त्यागी धर्ममा लाग्नु भनेको भौतिक लाभ सत्कारको लागि नभई आध्यात्मिक



Downloaded from http://dhamma.digital

परिशुद्धता, उज्ज्वलता तथा क्षमतालाई विकास वा पुनर्जीवित गरी निर्वाण प्राप्त गर्नका लागि हुनु पर्दछ, जसको परिभाविता गर्नाले भौतिक लाभ सत्कार प्राप्त गर्ने उद्देश्य नै नराखे तापनि सुख शुलभ हुन आउने रहेछ। त्यसैले होला शुद्ध श्रद्धाले धर्म गर्ने हामी भिक्षुहरूको जीवन प्रायः सन्तुष्ट र सुखी नै भएको। यो बौद्ध धर्मको महत्त्व तथा प्रभावको प्रथम चरण हो, जसलाई धर्म नगर्ने साधारण मानिसहरूले बुझ्न सक्दैन । बुद्धको उपदेश *धम्मपद* अनुसार, मनुष्य भएर जन्मनु दुर्लभ, मृत्यु हुनुपर्ने मनुष्यहरू जीवित भइरहनु दुर्लभ, सद्धर्म श्रवण गर्नु दुर्लभ, बुद्धहरूको उत्पन्न प्रादुर्भाव हुनु दुर्लभ हो। यस्तो दुर्लभ मानवचोलामा दुर्लभ बुद्धको दुर्लभ सद्धर्म श्रवण गरी बौद्ध भएर जीवन सफल पार्ने मौका पाएको नै तिम्रो लागि ठूलो फाइदा हो; जुन सफलता वा फाइदा हासिल गर्ने व्यक्ति त तिमी स्वयम् नै हुनु पर्दछ। भगवान् बुद्ध मार्ग प्रदर्शक मात्र हुनुहुन्छ। त्यस मार्गमा लाग्ने वा नलाग्ने भनेको रोजाई गर्ने मानिस प्रत्येक व्यक्ति स्वयम् नै हुने छ।

प्रश्न – उपासक, उपासिका भनेको को को हुन् ?

उत्तर – गृहस्थीमै बसेर बुद्ध, धर्म र संघको उपासना गर्ने पुरुषलाई उपासक भनिएको हो। गृहस्थीमै बसेर बुद्ध, धर्म र संघको उपासना गर्ने महिलालाई उपासिका भनिएको हो । उनीहरूलाई भिक्षुहरूले मान्यता दिएर सम्बोधन गर्दाखेरी "श्रद्धालु उपासक उपासिका" भन्ने चलन छ। भिक्षुहरूलाई चाहिएको खाना-पिना, चीवर वस्त्र, निवासस्थान विहार र विरामी हुने बेलामा औषधी र सेवा उपलब्ध गराई दिने



Downloaded from http://dhamma.digital

तथा हामी भिक्षुहरूलाई आवश्यक खर्च श्रद्धापूर्वक दान प्रदान गर्ने श्रद्धालु उपासक, उपासिकाहरूलाई भिक्षुहरूले "दाता" भन्ने चलन पनि छ।

प्रश्न – बौद्ध परिषद् भनेको के हो ?

उत्तर – भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूका समूहलाई बुद्धले बौद्ध परिषद् भन्नुभएको छ। बौद्ध परिषद् सबै समष्टिगत मिलेर बुद्धधर्मलाई धारण, पालन, परिमार्जन र सुरक्षा गर्दै लैजाने भएको हुनाले बुद्धले यी भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई बुद्धशासन रूपी यान (रथ)को चार पांग्रा भन्नुभएको छ। जब यी चार पांग्रा रूपी बौद्ध परिषद्ले आपसमा मिलेर बुद्धधर्मलाई राम्ररी धारण, पालन गरी रक्षा गर्छन्, तबसम्म बुद्धधर्म संसारमा रहिरहन्छ भन्नुभएको छ।

प्रश्न – प्रव्रजितहरू भनेको को हुन् ?

उत्तर – गृहस्थीभाव छोडेर, चीवर (गेरु वस्त्र) धारण गरी बुद्धधर्ममा समर्पित साधु सन्त भई जीवन बिताउने भक्तहरू सबैलाई सामूहिक रूपमा प्रव्रजितहरू भनिएको हो।

प्रश्न – भिक्षु, भिक्षुणी भनेको को हुन् त ?

उत्तर – संसारका पापदेखि भय मानी, बुद्धको धर्म विनय (नियम) अनुसार उपसम्पदा तथा पूर्ण प्रव्रज्या लिएर, इन्द्रिय संयम गरी, भिक्षा मागेर सन्तुष्ट जीवन यापन गर्ने तथा चित्त ध्यानमा लगाएर एकान्तवासी हुने पुरुषलाई भिक्षु र यसरी जीवन बिताउने महिलालाई भिक्षुणी भनिएको हो।

प्रश्न – भिक्षु भनेको र भन्ते भनेकोमा के फरक छ ?



Downloaded from http://dhamma.digital

उत्तर – भिक्षु भनेको माथि उल्लेख गरेझैं उपसम्पन्न प्रव्रजित व्यक्तिको पद हो; जस्तै श्रीमती भनेको विवाहित स्त्रीको पद हो । आमा बुबाले आफ्ना सन्तानलाई प्यारो गरी "छोरा !" वा "छोरी !" भनेर बोलाउनेजस्तै बुद्धले पनि आफ्ना शिष्य उपसम्पन्न भिक्षुहरूलाई दया गरेर "भिक्षुहरू !" भनेर सम्बोधन गर्ने चलन थियो । साधारण त बौद्ध परम्परा तथा बौद्ध संस्कृति अनुसार, शिष्ट भाषामा औपचारिक रूपले कुनै व्यक्तिलाई सम्बोधन गर्दाखेरि वा विधिवत् लेख्दाखेरि प्रायः गरी त्यस व्यक्तिको नामको अगाडि (वा कहिलेकाहीं नामको पछाडि) पद पनि उल्लेख गर्ने चलन छ – जस्तै भिक्षु सुनन्द । यहाँ "भिक्षु" भनेको पद हो र "सुनन्द" भनेकोनाम हो । तर सम्बोधन गर्दाखेरि "भिक्षु" भन्ने पदको पछाडि "सुनन्द" भन्ने नाम उल्लेख भएन भने अलि अप्ठ्यारो र अशिष्ट बोली मानिन्छ । उदाहरणको लागि भनौं – आफ्नो श्रीमतीलाई अन्य कुनै मानिसले नाम नबोलाईकन "श्रीमती" भनेर मात्र बोलायो भने सुन्ने व्यक्तिको वा उसकी श्रीमान्‌को मनमा कस्तो विषम तथा अप्ठ्यारोपन अनुभव होला । त्यस्तै नै कुनै व्यक्तिले हामीलाई "भिक्षु" भनेर मात्र बोलायो भने हामीलाई पनि अप्ठ्यारो महसुस हुन्छ । तर औपचारिक रूपले कुरा गर्दाखेरि भनेर जहिले पनि "भिक्षु सुनन्द" ... "भिक्षु सुनन्द" भनी बोलायो भने त्यसरी बोलाउने व्यक्ति बौद्ध संस्कृति केही नजान्ने अनपढ मानिस होला भन्ने बौद्धहरूको दृष्टिमा भान पर्न जान्छ ; अथवा कोही कोही बौद्धहरूले त त्यस व्यक्ति अप्ठ्यारो अति पण्डित भएको पनि ठाम्न सक्छन् ।

हामीले कसैलाई "सर" अथवा "गुरु" भनी आदर गरेर बोलाउँदाखेरि त सुन्ने व्यक्तिको मनमा पनि शिष्ट तथा गौरव गरेको भन्ने नै महसुस हुन आउँदछ। कनिष्ठ भिक्षुले बरिष्ठ भिक्षुलाई आदरपूर्वक "भन्ते !" भनेर बोलाउने र गृहस्थीहरूले सबै भिक्षुहरूलाई आदरपूर्वक "भन्ते !" भनेर बोलाउने चलन छ। यहाँ "भन्ते" शब्दको अर्थ "श्रद्धेय" वा "पूजनीय" व्यक्ति हो। त्यसकारण, "भन्ते" भनेको र "भिक्षु" भनेको शब्दहरूले त्यही प्रव्रजित व्यक्तिलाई जनाए तापनि शब्द प्रयोग गर्ने प्रसंगहरू फरक छन्।

प्रश्न – तपाईं (भिक्षु)हरू कहाँ बस्नुहुन्छ ? र यहाँहरूले के गर्नुहुन्छ ?

उत्तर – हाल धेरैजसो हामी भिक्षुहरू विहार (बुद्ध मन्दिर)हरूमा पूजा-पाठ, ध्यान भावना गरेर बसेका छौं; पढाइ लेखाइ गरेर, बेला बेलामा दाताहरूलाई उपदेश दिएर बसेका छौं र कोही कोही भिक्षुहरू त जंगल तथा गुफामै बसी ध्यान मात्र गरेर जीवन बिताउनुहुन्छ।

प्रश्न – विहार भनेको र गुम्बा भनेकोमा के फरक छ ?

उत्तर – थेरवाद भिक्षुहरू बस्ने निवासस्थानलाई विहार भनिन्छ। धेरैजसो थेरवाद विहारहरू सजिसजाउ नभई साधारण छन्। थेरवाद भिक्षुहरूले विहारमा पूजा-पाठ गर्दाखेरि बुद्धले बोल्नुभएको पालि भाषामा गर्नुहुन्छ। शील, आचरण, धर्मको अभ्यास र उपदेशहरू पालि ग्रन्थमा उल्लेख भए बमोजिम गर्नुहुन्छन्। अनि महायान (विशेष गरी तिबेतियन) भिक्षुहरू बस्ने निवासस्थानलाई गुम्बा



Downloaded from http://dhamma.digital

भनिन्छ। धेरैजसो महायान गुम्बाहरू रंगीचंगी र सजिसजाउ छन्। महायान भिक्षुहरूले गुम्बामा पूजा-पाठ गर्दाखेरि संस्कृत तथा तिबेतियन भाषामा गर्नुहुन्छ। शील, आचरण, धर्मको अभ्यास र उपदेशहरू संस्कृत ग्रन्थमा उल्लेख भए बमोजिम गर्नुहुन्छ। उपादेयताको हिसाबले र धर्मको दृष्टिले हेर्दाखेरि विहार र गुम्बाको महत्त्व एउटै हो।

प्रश्न – भिक्षुहरूले दिनको कति पटक पूजा-पाठ गर्नुपर्छ ?

उत्तर – साधारण त भिक्षुहरूले बिहान र बेलुका गरी दिनको दुई पटक बुद्धको प्रतिमा अगाडि भए समूहमा नभए एक्लै बसेर दैनिक पूजा-पाठ गर्ने चलन छ। धर्म विनय अनुसार, भिक्षुहरूले दिनको यति पटक पूजा गर्नुपर्छ भन्ने निश्चित नियम छैन। बरु बुद्धको उपदेश अनुसार, भिक्षुहरूले आफ्नो चरित्र र मन शुद्ध हुने काम, चरिया र ध्यान सक्दो बढी समय लगाई मेहनत गरेर गर्नु पर्दछ। यसको लागि भिक्षुहरूले आफ्नो द्वीप आफैं भएर काम गर्नु पर्दछ – जो बढी समय दिएर ध्यान, ज्ञान, धर्ममा लाग्छ ; ऊ चाँडै सफल हुन सक्दछ तथा उसलाई निर्वाण प्राप्त हुने सम्भावना बढी मात्रामा हुन्छ। जो ढिलासुस्ती गरेर बस्छ; उसलाई सफलता अथवा निर्वाण लाभ हुन गाह्रो हुनेछ। शीघ्र सफल हुन चाहने कोही भिक्षुहरू त हरेक पाइला तथा हरेक आश्वास-प्रश्वासमा बुद्धको गुण स्मरण गर्ने भक्तिवाला पनि हुन्छन्। त्यसकारण, भिक्षुहरूले दिनको कति पटक पूजा-पाठ गर्नुपर्छ भन्ने कुरा आफ्नो क्षमता, उद्योग र ईच्छामा भर पर्ने कुरा हो।



Downloaded from http://dhamma.digital

प्रश्न – के भिक्षुहरू आफ्नो घरमा पस्नु हुन्छ कि हुँदैन ?

उत्तर – भिक्षु वन्नु भनेको नै धार्मिक जीवन अपनाउनु हो। जगतप्राणी सबैप्रति मैत्री करुणा राख्नु बुद्धले सिकाउनुभएको छ। अरू मानिसहरू प्रति दया करुणा नभईकन कुनै व्यक्ति धर्मात्मा हुँदैन पनि। भिक्षुहरूसंग दया करुणा भएकोले नै हामी भिक्षुहरूले सक्दो समाज सेवा गर्ने अथवा लोकार्थ चर्या र ज्ञाति-बन्धुहरूको हितार्थ चर्य्या गर्नु स्वाभाविकको कुरा हो। हामीलाई बुद्ध र बोधिसत्त्व जस्ता महापुरुषहरूले यही आदर्श नमूना देखाउनु भएको छ। त्यसकारण, कुनै काम पऱ्यो वा निमन्त्रणा आयो भने नातेदार नपरेको जो कोही मानिसहरूको घरमा गए पनि केही आपत्ति छैन। कुनै परिचित वा अपरिचित व्यक्तिहरू तथा उपासक उपासिकाहरूलाई पनि भिक्षुहरूले आशीर्वाद, उपदेश र सल्लाह-साहुती दिएर उपकार गर्दछन् भने आफूलाई हित उपकार गरिराखेका परिवारहरूलाई प्रत्यूपकार गर्न नहुने अथवा घरमा जानु नहुने केही छैन। अझ आवश्यक पऱ्यो भने भिक्षुले भिक्षा मागेर भए पनि आफ्नो आमा बुबालाई पालन पोषण गर्नु हुन्छ भन्ने विनय नियम बुद्धले प्रज्ञप्त गरिराखनुभएको छ। यसकारण, भिक्षुहरू आफ्नो घरमा पस्नमा केही आपत्ति छैन। बरु घरमा बसेर गृहस्थीहरूसंग भुलेर बस्नु वा आसक्त भएर बस्नु भने हुँदैन।

प्रश्न – भिक्षु, भिक्षुणीहरूको विवाह हुन्छ कि हुँदैन ?

उत्तर – भिक्षुहरू ब्रह्मचारी धर्मात्मा हुन्। भिक्षुणीहरू पनि ब्रह्मचारी धर्मात्मा हुन्। हामीहरूले कुनैसंग पनि विवाह



Downloaded from http://dhamma.digital

गर्दैनौं ।

प्रश्न – भिक्षु, भिक्षुणी एकै ठाउँमा बस्नु हुन्छ कि ? अथवा अलग-अलगै विहारहरूमा बस्नुहुन्छ ?

उत्तर – हामी भिक्षु भिक्षुणीहरू अलग-अलगै विहारहरूमा बस्छौं । भिक्षुणीहरूको आफ्नै सुरक्षा, शिक्षा र सहयोगको लागि भिक्षुहरूको शिष्य वा सहयोगीको रूपले भिक्षुहरूको सामीप्य वा अधीनमा आएर बस्ने गरेका थिए । भिक्षुहरूले पनि भिक्षुणीहरूलाई ब्रह्मचारी सहोदर दिदी, बहिनीको रूपमा व्यवहार गरेर शिक्षा, दीक्षा दिने र आरक्षा गर्ने गरेका थिए । तर थेरवाद बुद्धधर्म परम्परा अनुसार, भिक्षुणीहरू हाल कुनै देशमा पनि छैनन् । बुद्धको परिनिर्वाण भएर अन्दाजी ५०० वर्षपछि भिक्षुणी परम्परा सबै लोप भएर गयो । तर महायान बुद्धधर्ममा मात्र भिक्षुणीहरू बाँकी छन् – जस्तै ताइवान, चीन, तिब्बत आदि ठाउँहरूमा ।

प्रश्न – हाल नेपालमा भिक्षुहरू समीप देखा पर्ने हल्का गेरु वस्त्र तथा हल्का गुलाबी रंगको वस्त्र लाएर हिंडेका स्त्रीहरू को हुन् त ?

उत्तर – त्यसरी हल्का गेरु वस्त्र तथा हल्का गुलाबी रंगको वस्त्र लाएर हिंड्ने स्त्रीहरू भिक्षुणीहरूको प्रतीकमा प्रव्रजित भएर आएका अनागारिका उपासिकाहरू हुन् । बुद्धप्रज्ञप्त सयौं प्रकारका कडा विनय नियमहरू पालन गर्नको कठिनाइले तथा अन्य विभिन्न भौतिक आवश्यकताहरू उपलब्ध गर्नको कठिनाइले गर्दा भिक्षुणी शासन संसारबाट लोभ भएर गइसकेपछि पनि कोही श्रद्धालु स्त्रीहरू ब्रह्मचरिया शील



Downloaded from http://dhamma.digital

वा दश शील पालन गरी, दु:खको अन्त निर्वाण प्राप्त गर्न ध्यान भावना गरी धर्ममै जीवन बिताउने उद्देश्यले आफ्ना घर र परिवार सबै त्यागेर घर नभएका व्यक्ति साधुनी प्रव्रजितको रूपमा आएका अनागारिका उपासिकाहरू हुन्।

प्रश्न – भिक्षु, अनागारिकाहरू बीच कस्तो सम्बन्ध हुन्छ नि ?

उत्तर – हामी भिक्षु, अनागारिकाहरूले पनि अलग-अलगै विहारमा बसी सहधार्मिक दिदी, बहिनी जस्तै सम्बन्ध तथा व्यवहार गरिरहेका छौं। अनागारिकाहरूको आफ्नै सुरक्षा, शिक्षा र सहयोगका लागि भिक्षुहरू समक्ष वा अधीनमा बस्न आएका अनागारिकाहरूलाई भिक्षुहरूले पनि सब्रह्मचारी सहोदरको रूपमा लिएर वहाँहरूलाई शिक्षा, दीक्षा र आरक्षाको सहयोग दिने गरिआएका छौं।

प्रश्न – हामीले अनागारिकाहरूलाई के भनेर बोलाउने ?

उत्तर – बुद्धको पालामा अनागारिकाहरू थिएनन्। मानिसहरूले भिक्षुणीहरूलाई त प्रायः गरी "भगिनि" भनेर बोलाउने वा सम्बोधन गर्ने चलन भएको देखिन्थ्यो। भगिनिको अर्थ बहिनी वा दिदी हो। कहिलेकाहीं वयस्क भिक्षुहणीरूलाई "अय्या" भनेर पनि बोलाउने गरिन्थ्यो। अय्याको अर्थ बज्यै हो। तर अनागारिकाहरू भिक्षुणी होइनन्। उनीहरूले भिक्षुहरूले जस्तो चीवर वस्त्र लाउनु पनि हुँदैन। धेरै प्रकारको कडा शील नियमहरू धारण पालन गर्ने प्रजापति गौतमी तथा वहाँकी घरानी श्रद्धालु महिला साथीहरूलाई त बुद्धले भिक्षुणी बन्ने अनुमति दिन गाह्रो मान्नुभयो तथा खतरनाक मान्नुभयो भने, के हाल नेपालमा देखापर्ने



Downloaded from http://dhamma.digital

अनागारिकाहरूलाई बुद्धशासनमा आई त्यसरी अनागारिका बनेर भिक्षुहरू वरिपरि हिंड्न बुद्धले मन्जूरी तथा अनुमति दिनुहुन्थ्यो होला र ? पालि टिपिटक ग्रन्थ तथा त्यसको अर्थकथाहरू कुनैमा कतै पनि अनागारिकाहरूका कुरा उल्लेख भएको देखिंदैन । त्यसकारण, हामीले अनुमान गर्न सक्छौं कि बुद्ध परिनिर्वाण भइसकेर कम्तीमा ८०० वर्ष अथवा १००० वर्षसम्म पनि अनागारिकाहरू थिएनन् । त्यसपछि आएर मात्रै अनागारिका परम्परा कतै प्रारम्भ भएको हुनुपर्दछ । तर अहिलेसम्म पनि हामीले निश्चित भन्न सक्दैनौ कि उपासिकाहरू अनागारिका हुने प्रथा कहिले कुन सालमा वा कुन शताब्दीमा कसले कहाँ सुरु गऱ्यो भन्ने कुरा । अनागारिकाहरूलाई कसरी सम्बोधन गर्ने भन्ने कुरा बुद्धले कतै सिकाइराख्नु भएको छैन । अब यो एउटा विषम विषय भएको छ । बौद्ध देशमा अनागारिकाहरूलाई गौरव राखी "सीलवती" भनेर बोलाउने चलन पनि आएको देखिन्छ । मेरो विचारमा त बुद्धको पालामा भिक्षुणीहरूलाई सम्बोधन गरेजस्तो गरेर अनागारिकाहरूलाई पनि "भगिनि" भनेर बोलाउने गरे हुन्थ्यो । आफूलाई शिक्षा दीक्षा दिइराखेका "गुरु" अनागारिकालाई त शिष्य शिष्याहरूले "गुरु" अथवा "गुरु आमा" भनेर नै बोलाए तापनि केही फरक पर्दैन । तर आफ्नो "गुरु" नभएका वा "अनपढ" भएका वा जो कोही अनागारिकालाई पनि त्यसरी "गुरुमां = गुरु आमा" भनेर सम्बोधन गर्नु त "गुरुमां" भन्ने गरिमामय दर्जा शब्दको दुरुपयोग गर्नु हो । विचक्षण बुद्धिमान्



Downloaded from http://dhamma.digital

व्यक्तिले त्यसरी "सुन पनि उही भाउ," "गुन्द्रुक पनि उही भाउ" भने जस्तो गरेर व्यवहार गर्दैन र गराउँदैन पनि ।

प्रश्न – कोही मानिसहरूले सोच्छन् कि भिक्षुले गृहस्थी महिला विवाह गर्न हुन्न – भिक्षुणी वा अनागारिकासंग मात्रै हुन्छ भनेर । तर माथि तपाईंले बताउनु भएको कुरा अनुसार त भिक्षुले कुनै व्यक्तिसंग पनि विवाह गर्न नहुने रहेछ । अझ त्यस्तो सोचाइले मात्र पनि मन अपवित्र हुन्छ भनेको धारणा छ । इन्द्रियग्रहित यस्तो भौतिक संसारमा रहँदा सुमधुरो र घनिष्ठताको कारणले कुनै भिक्षु र अनागारिका बीच वा भिक्षु र कुनै गृहस्थी स्त्री बीच कुनै बेला यौवनको नजरमा नजर परी, आफ्नो मन वशमा राख्न नसकी दुई जनाको बीच यौन सम्पर्क भयो र ब्रह्मचरिया बिग्रियो भने के हुन्छ नि ?

उत्तर – जो कोही भिक्षु अनागारिकासंग वा कुनै महिलासंग यौन सम्पर्कमा आयो भने त्यो कुरा चाहे अरूहरूलाई थाहा होस् वा नहोस्, बुद्धको धर्म विनय अनुसार, त्यस भिक्षु आफ्नो भिक्षुत्वबाट पतन भएको हुन्छ । अरू भिक्षुहरूलाई उसको यौन सम्पर्क सम्बन्धी जानकारी हुन आएमा, त्यस ब्रह्मचरिया तपभ्रष्ट भिक्षुलाई भिक्षुसंघबाट निष्कासित गरिन्छ । यौन सम्पर्क, चोरी, उत्तरिमनुस्सधम्मको अहंकार पूर्ण झूठ र मनुष्य घात गर्ने वा गराउने सबै भिक्षुहरूलाई बुद्धले एउटै तहको पाराजिका नियम लगाई निष्कासित गर्ने आज्ञा गर्नुभएको छ । केही भई निष्कासित गर्न सकेन वा त्यो कुरा अरू भिक्षुहरूलाई थाहा नदिइकन आफू स्वयम्ले



Downloaded from http://dhamma.digital

भिक्षु भनी चीवर वस्त्र लाएर अनैतिक जीवन यापन गरेर नै हिंड्यो भने उसको अकुशल कर्मको फल उसैले भोग्ने छ।

प्रश्न – तर तिब्बतमा महायान भिक्षुहरूले त भिक्षु भएर नै विवाह गरी बस्नु हुन्छरे भनेको सुनें। त्यो कुरा साँचो हो कि होइन ?

उत्तर – महायान बुद्धधर्ममा विभिन्न निकायहरू छन्। ती निकायहरू मध्ये तिब्बतमा काग्युपा निकायका भिक्षुहरूले रातो टोपी र रातो खाले लुगा लगाउँछन् र भिक्षुको २५० वटा प्रातिमोक्ष शील नियमहरू छोडेर गृहस्थी बनिसकेका व्यक्तिहरूले पनि भिक्षुले जस्तो ती रातो खाले लुगा लगाएर हिंड्छन्, विवाह गर्छन् र कहिलेकाहीं गुम्बामा पनि बस्छन्। अनि बुद्धधर्मको भित्री शील नियम थाहा नहुने मानिसहरूले सोच्छन्, "भिक्षुहरूले विवाह गर्छन्!" भनेर। वास्तवमा त्यसरी विवाह गर्ने मानिहरू कुनै पनि भिक्षु होइनन् – उनीहरू त उपासकहरू हुन्। प्राटिमोक्ष शील नियम भएका भिक्षुले विवाह गर्नु कहिल्यै पनि मिल्दैन। नेपालमा महायान शाक्य भिक्षु तथा गुरुजुहरूले विवाह गर्छन्। तर वहाँहरू साँच्चैका भिक्षु होइनन् – पुजारी तथा पुरोहितहरू हुन्। जापानमा सेतो वस्त्र लगाउने धेरैजसो भिक्षुहरूले विवाह गर्दछन्। वहाँहरू पनि पुजारी तथा पुरोहितहरू हुन् – साँच्चैको भिक्षु होइनन्। कारण, जुन शील नियमहरू पालन गर्नाले मानिस भिक्षु बनिने हो, ती शील नियमहरू उहाँहरूसंग छैनन्।



Downloaded from http://dhamma.digital

प्रश्न – भिक्षुहरूले चीवर वस्त्र छोडेर फेरि गृहस्थी भई घरबार गरी बस्नु हुन्छ कि हुन्न ?

उत्तर – भिक्षु बन्नु नै तपस्या तथा ध्यान गरी शान्तपूर्वक धार्मिक जीवन बिताउनका लागि हो । यदि भिक्षु भएर बस्न मन भएन र गृहस्थी हुने इच्छुक भयो भने त्यस उपसम्पदा भिक्षुले प्राटिमोक्ष शील शिक्षा तथा चीवर वस्त्र विधिपूर्वक छोडेर गृहस्थ बन्नुमा केही आपत्ति छैन । जुनबेलामा पनि त्यसो गर्न सकिन्छ ।

प्रश्न – अँ ! त्यसैले होला कलिलो यौवनका युवक युवतीहरू पनि घर गृहस्थी छोडेर विहारमा आई कपाल खौरी, पहेंलो वस्त्र लाएर प्रव्रजित भएर बस्न आएका । अघि तपाईंले महायान बौद्ध धर्ममा भिक्षु भिक्षुणीहरू छन् भन्नुभयो । तर हामीले, महायान भिक्षु वा थेरवाद भिक्षु भनी कसरी छुट्याउनु ? अथवा को महायान भिक्षुणी को थेरवाद अनागारिका भनी कसरी जान्नु ?

उत्तर – भिक्षुहरूसंग सम्पर्क हुँदै जाँदाखेरि त्यो कुरा थाहा भएर आउँछ । महायान भिक्षुहरूले कालो - खैरो रंगको बाहुला भएको वा बाहुला नभएको शरीरमा ठ्याप्प मिल्ने कुर्ता जस्तो वस्त्र लाउनु हुन्छ । महायान भिक्षुणीहरूले पनि झण्डै भिक्षुहरूले लाउने खाले कालो - खैरो रंगको शरीरमा ठ्याप्प मिल्ने वस्त्र लाउनु हुन्छ । तर थेरवाद भिक्षुहरूले बाहुला नभएको खास्टोजस्तो चीवर र लुंगीजस्तो खुकुलो अन्तरवासक लाउनु हुन्छ । अनागारिकाहरूले भिक्षुहरूले जस्तो चीवर वस्त्र लाउनु हुँदैन । वहाँहरूले



Downloaded from http://dhamma.digital

हल्का गेरु वस्त्र वा हल्का गुलाबी रंगको लुंगी र ब्लाउज (चोलो) लाउनु हुन्छ। यसरी भिक्षुहरूले लाइराखेको वस्त्र हेरेर पनि को महायान भिक्षु र को थेरवाद भिक्षु भनी चिन्न सकिन्छ।

प्रश्न – सबै भिक्षुहरूको तह एउटै हो कि ? अथवा भिक्षुहरूका तह तथा श्रेणी फरक फरक प्रकारका छन् ?

उत्तर – भिक्षुहरूको शीलसामन्यता र दृष्टिसामन्यताको हिसाबले भिक्षुहरू सबै एउटै तह वा प्रकारका हुन्। तर भिक्षुहरूको ज्ञान, गुण, क्षमता र वर्षको हिसाबले भिक्षुहरूका तह तथा श्रेणी धेरै प्रकारका छन्। यसको विवरण देहाय बमोजिम बुझ्नु पर्दछ :– (१) भिक्षुको जस्तो चीवर गेरु वस्त्र लाएर, १० शील एवं ७५ शिक्षापदहरूको आचरण गरेर भिक्षुको शिष्य तथा अन्तेवासिक भएर, भिक्षुहरूको अनुकरण गरेर बस्ने, २० वर्ष मुनिको वा माथिको उमेरका प्रव्रजित पुरुषलाई श्रामणेर भनिन्छ। (२) २० वर्ष वा २० वर्षभन्दा माथिको उमेरका मानिसले उपसम्पदा भई २२७ वटा प्राटिमोक्ष शील ग्रहण गरेर बसेका पुरुषलाई भिक्षु भनिन्छ। भिक्षु भएर कम्तीमा ५ वर्ष पूरा नभएसम्म यौटा योग्य भिक्षु उपाध्यायसंग बसेर धर्म विनयको शिक्षा दीक्षा हासिल गरिराखेको हुन्छ। भिक्षु भएर ५ वर्ष पूरा नभएसम्म त्यस भिक्षुलाई नवक (नयाँ) भिक्षु भनिन्छ। (३) भिक्षु भएर ५ वर्ष वा ५ वर्षभन्दा माथिल्लो तर १० वर्षभन्दा मुनिका भिक्षुलाई मज्झिम (मध्यस्थ) भिक्षु भनिन्छ। (४) भिक्षु भएर १० वर्ष पूरा भएको भिक्षुलाई थेर (स्थविर) भिक्षु कहलाइन्छ। (५) भिक्षु भएर २० वर्ष पूरा भइसकेको



Downloaded from http://dhamma.digital

भिक्षुलाई महाथेर (महास्थविर) मानिन्छ। (६) आफ्नो आचार विचार तथा ज्ञान गुण सम्पन्न भएको वयवृद्ध महाथेर भिक्षुसंघको नायक हुन सक्छ । नायक भएका महाथेर भिक्षुलाई संघनायक मानिन्छ। यसरी भिक्षुहरूका विभिन्न तह तथा श्रेणीहरू छन् ।

प्रश्न – कोही भिक्षुहरूले पहेंलो वस्त्र लाउनु हुन्छ। कोही भिक्षुहरूले अलि रातो खालको वस्त्र लाउनु हुन्छ । त्यसरी फरक भएको भिक्षुहरूको पद वा श्रेणी हेरी वस्त्रको रंग पनि फरक भएको हो कि ? अथवा त्यसको भिन्दै अर्थ छ ?

उत्तर – भगवान् बुद्धले भिक्षुहरूलाई रुखको बोक्राको खैरो, कालो- खैरो, पहेंलो, अलि रातो खाले आदि विभिन्न प्रकारका रंग लगाई चीवर वस्त्र लगाउनु हुन्छ भनी सिकाउनुभएको छ। हामीले वस्त्र लाउनुको मूल उद्देश्य नै लाज लाग्ने शरीरको अंग (भाग)हरू छोप्नु र जाडो, गर्मी तथा कीरा फट्याङग्राहरूबाट बच्नको लागि हो । जस्तै गृहस्थीहरूले रातो, कालो, नीलो आदि जुनसुकै रंगको वस्त्र लगाए पनि त्यसको महत्त्व एउटै हुन्छ । त्यस्तै नै भिक्षुहरूले पनि गेरु रंगहरू मध्येमा जुनसुकै रंगको चीवर वस्त्र लाए पनि यसको महत्त्व एउटै हुन्छ – त्यसमा केही फरक छैन ।

प्रश्न – हामीले पनि भिक्षु बन्न चाहेमा के गर्नु पर्दछ ?

उत्तर – कुनै कुलपुत्रहरू भिक्षु बन्न चाहेमा पहिला हामी भिक्षुहरूसंग घनिष्ठ सम्पर्क राखी भिक्षु जीवन कस्तो हुँदो रहेछ भन्ने बुझ्नु पर्दछ। अनि भिक्षु जीवन आफूलाई पनि निश्चय नै



Downloaded from http://dhamma.digital

मन परेको भए एक स्थविर वा महास्थविरकहाँ गएर भिक्षु बन्ने आफ्नो इच्छा प्रकट विन्ती गर्नु पर्दछ । यदि भिक्षु बन्ने नियमहरू पूरा भए र वहाँ महास्थविरज्यूले आफू (प्रार्थी)लाई भिक्षु शिष्य बनाएर शिक्षा दीक्षा दिने स्वीकार गर्नुभयो भने वहाँको शरणमा गएर भिक्षु बने पनि हुन्छ । तिमी केटी मान्छे भएकोले भिक्षु बन्नु हुँदैन । यदि तिमी अनागारिका बन्न चाहेमा तिमीले अनागारिकाहरूसंग नै सम्पर्क राखी हेर्नु पर्दछ । हामीकहाँ पुरुषहरू मात्र भिक्षु बन्नु हुन्छ । तर भिक्षु बन्नुभन्दा अघि सिक्नु पर्ने केही नियमहरू छन् । विहारमा भिक्षु बनेर शिक्षा दीक्षा ग्रहण गरी सिक्नु पर्ने शील आचरणहरू त धेरै छन् ।

**प्रश्न** – कुनै मानिसले भिक्षु बन्न चाह्यो भने उसमा के कस्तो गुणहरू हुनुपर्दछ ? अथवा उसको शैक्षिक योग्यता कति हुनुपर्दछ नि ?

**उत्तर** – बुद्धधर्म अनुसार भिक्षु बन्न चाहने प्रार्थीको शैक्षिक योग्यता यति हुनुपर्छ भन्ने नियम छैन; यद्यपि शिक्षा धेरै भएको व्यक्ति भिक्षु बनेर अध्ययन गरेको खण्डमा उसले बुद्धको गम्भीर धर्म चाँडै बुझ्न सक्ने किन नहोस् । बुद्धधर्ममा चतुर, विचक्षण, क्षमतावान् व्यक्तिहरूलाई उच्चस्थान दिइराखेको छ । बुद्धको उपदेश अनुसार, भिक्षु बन्न चाहने व्यक्तिको उमेर २० वर्ष पुगेको हुनुपर्दछ, सामाजिक तथा राजनैतिक अपराध वा दोष नभएको हुनु पर्दछ । ऋण नभएको व्यक्ति हुनुपर्दछ । अपस्मार, टी.बी., कुष्टरोग आदि ठूलो विमारी नभएको हुनुपर्दछ । शारीरिक अंगहरू



Downloaded from http://dhamma.digital

परिपूर्ण भएको एवं भिक्षु बन्नको लागि उसको माता पिताको अनुमति प्राप्त भएको हुनुपर्दछ। यदि विवाहित पुरुष भए उसको श्रीमतीको पनि अनुमति लिनु पर्दछ भन्ने चलन छ। सरकारको वा कसैको अधीनमा नोकरी नभई, स्वतन्त्र पुरुष हुनुपर्दछ । साथै अष्ट प्रकारहरू जस्तै कि चीवर, अन्तरवासक, कायबन्धना, संघाटि, पात्र, पानी चालनी, कपाल खौरने छुरा र सियो-धागो हुनुपर्दछ । यी अंगहरू तथा पदार्थहरू भए जो कोही श्रद्धालु इच्छुक सदाचारी व्यक्ति भिक्षु बन्न सक्छ ।

प्रश्न – तपाईंले ठूलो विमारी भएको अथवा अंगविहीन भएको मानिसलाई बुद्धले भिक्षु नबनाउनहुन आज्ञा गर्नुभएको छ भन्नुभयो । तर धर्मको दृष्टिले हेर्दा बुद्धले रोगी र अपाङ्गहरूलाई झन् दया गरेर उद्धार गर्नुपर्ने होइन त ?

उत्तर – भगवान् बुद्धले रोगी, लुलो, लंगडो तथा अपाङ्गहरूलाई किन भिक्षु बनाउनु भएन भनेको कुरालाई हामीले राम्ररी बुझ्नु पर्दछ। भिक्षु जीवन भनेको सरल तथा त्यागी जीवन हो । औषधी उपचार र भौतिक लाभ सत्कार पाउनको लागि मात्र भिक्षु बन्न आउनेहरूले भौतिक सुविधाको न्यूनताबाट हुने कठिन जीवन खप्न नसक्ने हुन्छन् । विरामी अपाङ्गहरूलाई पाउनु पर्ने खाना-पिना, सेवा, सुविधाहरू विहारमा भिक्षुहरूसंग सधैं पाइँदैनन् । श्रद्धाले नै प्रव्रजित भएका भिक्षुहरूलाई बस्ने विहार, लगाउने चीवर वस्त्र, खाना-पिना र विरामी हुँदाखेरि औषधी उपचार सेवा आदि आवश्यक वस्तुहरू दान दिएर सेवा सहयोग गर्ने उपासक उपासिकाहरूनै हुन् । उपासक उपासिकाहरूको



Downloaded from http://dhamma.digital

आफ्नै घर गृहस्थीको धन्दा र समस्याहरू आइराखेका हुन्छन् । कहिलेकाहीं यहाँहरूले आफ्नो मन शान्त पार्न उपदेश सुन्ने तथा धर्म गर्ने विचारले एकछिन् विहारमा आउँदाखेरि लुलो, लंगडो, विरामी तथा अपाङ्ग भिक्षुहरू विहारभरी परिरहेको भएमा उपासक उपासिकाहरूले सहयोग पुऱ्याउन नसकी पीडित र स्तब्ध भएर विजोग हेर्नु पर्ने अवस्था आउँन सक्दछ । सेवा नपुऱ्याएमा विरामीहरूको ज्यानको पनि खतरा हुन सक्दछ । खतरा नै नभए तापनि खाना-पिना पाउन र विमारी उपचारको लागि मात्र भिक्षु बन्न आउने व्यक्तिहरू विमारी निको भएपछि चीवर वस्त्र छोडेर फेरि गृहस्थी हुन सक्दछन् । यस्ता घटनाहरू बुद्धका समयमा पनि घटेका थिए । राजा बिम्बिसार तथा बुद्धका प्राइभेट डाक्टर जीवक वैद्यले श्रद्धा र भक्तिपूर्वक विरामी भिक्षुहरूलाई उपचार गरी निको भइसकेपछि ती भिक्षुहरू सबै चीवर छोडेर फेरि गृहस्थी हुन गए । त्यो देख्दाखेरि जीवक वैद्यको मन अप्रसन्न भयो र उनको श्रद्धा बिग्रियो । जीवक वैद्यले आइन्दा यस्तो ठूलो रोग भएका विरामीहरूलाई भिक्षु नबनाउनुहुन बुद्धकहाँ निवेदन गरेका थिए । यस्ता विभिन्न कारणले गर्दा बुद्धले ठूला विरामी तथा अपाङ्गहरूलाई भिक्षु नबनाउने विनय नियमहरू बनाउनुभएको थियो । तर श्रद्धाले नै गृहस्थी जीवन त्यागी प्रव्रजित भएका भिक्षुहरू कदाचित् विरामी भएमा भिक्षु साथीहरूले तथा उपासक उपासिकाहरूले सेवा-शूश्रुषा गर्नुपर्ने धर्म नियमलाई सबैले बुझ्नु पर्दछ ।



Downloaded from http://dhamma.digital

प्रश्न – होइन – तपाईंहरू अलि बूढो भएपछि धर्म कर्ममा लागे पो हुन्छ । तरुण अवस्थामा भिक्षु बनेर के फाइदा ?

उत्तर – तरुण अवस्थाको सांसारिक जीवनमा धेरै उत्तेजनात्मक सुख पाउने इच्छाहरू एवं असन्तोष र दुःखका अनुभवहरू पनि बारम्बार आइरहन्छन् । तथ्य के हो भने उत्तेजनात्मक भौतिक सुख लाभ गर्ने बाटो एउटा र धार्मिक जीवन अपनाएर आध्यात्मिक सुख शान्ति प्राप्त गर्ने बाटो अर्को नै हो । भौतिक सुख सुविधा प्राप्त गर्ने खोजीमा तथा अभिलाषामा लाग्ने मानिसको जीवनमा प्रेम र द्वेषको संघर्ष तथा त्यसको क्रिया र प्रतिक्रियाको भूमिका खेलिरहेको हुन्छ । प्रेम र द्वेषको अविच्छिन्न संघर्ष अथवा त्यसको प्रतिक्रियाद्वारा मानिसको जीवनमा कहिले सुख शान्ति ल्याउँछ भने कहिले दुःख, अशान्ति र पीडा पनि ल्याउँछ । यस्तो बलियो प्रक्रिया, संघर्ष रूपी चक्रबाट मुक्त शान्तपद, निर्वाण सुख प्राप्त गर्न तरुण अवस्थामा भएको शक्ति र क्षमताको सुप्रयोग अति नै महत्त्वपूर्ण हुन्छ । क्षमता र शक्तिविहीन वयवृद्ध मानिस भिक्षु बनेर त्यस्तो शान्तपद, निर्वाण सुख प्राप्त गर्न अति नै मुश्किल होला । त्यसकारण, हामी तरुणकालदेखि नै भिक्षु बनेर धर्म कर्ममा लागेका छौं । बादलबाट मुक्त सूर्यको आलोक भैंं तरुण अवस्थामा सांसारिक प्रेम र द्वेष रूपी प्रक्रियाको संघर्षबाट मुक्त शक्तिशाली, क्षमतावान् कुलपुत्र भिक्षु बनेर सन्तोष जीवन बिताएमा बुद्धशासन परिधिभित्र स्वतन्त्र सुख, शान्तपद, निर्वाण प्राप्त गर्न पाइने मौका हुन्छ र आफूले



Downloaded from http://dhamma.digital

हासिल गरेको ज्ञान, गुण, ध्यानद्वारा जगतप्राणीलाई हित र उद्धार गर्न सक्ने प्रसिद्ध महापुरुष बन्न सकिन्छ, जुन सफलता तथा स्वतन्त्र सुख गृहस्थी जीवनमा प्राप्त गर्ने सम्भावना हुँदैन ।

प्रश्न – आजीविकाको लागि भिक्षुहरूले के काम गर्नु हुन्छ नि ?

उत्तर – भिक्षुहरूले आजीविकाको लागि गृहस्थीहरूले जस्तै खेत-बारी कमाउने, व्यापार गर्ने अथवा जागीर खाने जस्ता केही काम गर्नु हुँदैन । भिक्षुहरूले यस्तो काम गर्नुमा बुद्धको मञ्जुरी छैन; वहाँले निषेध नै गर्नु भएको छ । भिक्षुहरूलाई सम्यक आजीविकाको रूपमा श्रद्धाले निमन्त्रणा, दान तथा भिक्षा प्राप्त भएमा सेवन गर्ने र त्यसरी केही प्राप्त नभएमा रुखबाट झरेका फलहरू र खोला-नालाको पानी पिएर रुखमुनि बसी जीवन यापन गर्नु पर्नेछ । तर संसारमा श्रद्धालु दयावान मानिसहरू भएको हुनाले धेरै जसो सबै भिक्षुहरूलाई खाना-पिनाको केही धन्दा छैन । हामी भिक्षुहरूले शुद्ध मनले धर्म मात्र गरेर बसे तापनि गृहस्थीहरूले जस्तो केही काम नगरीकन पनि, खाना-पिना त्यसै प्राप्त भइरहेको छ ।

प्रश्न – के मानिसहरूले तपाईंहरूलाई सधैं खाना-पिना त्यसै दिन्छन् त ? भिक्षुहरूले दिनको कति पटक खाना खानु हुन्छ ?

उत्तर – कुनै दयावान् श्रद्धालु मानिसहरूले भिक्षुहरूलाई आफ्ना घरमा निमन्त्रणा गरेर भोजन तथा खाना-पिना दान दिन्छन् । आफ्नो केही लक्ष्य राखेर जलपान भोजन दान दिने अभिप्रायले उपासक उपासिकाहरूले भिक्षुहरूलाई



Downloaded from http://dhamma.digital

निमन्त्रणा गर्दछन् – गृहस्थीहरूको कुनै कार्य प्रारम्भ मंगलमय गर्ने उद्देश्यमा, जन्म दिनको उपलक्ष्यमा, कुनै दिवंगत परिवारको पुण्य स्मृतिमा, विरामी भएको बेलामा, बच्चाको ब्रतबन्धको समयमा, जाँच पास, विदेशी यात्राको सफलता आदि राम्रो उद्देश्यहरू राखी दाताहरूले पुण्य गर्ने इच्छा भएको बेलामा भिक्षुहरूलाई आफ्ना घरमा अग्रिम निमन्त्रणा गरेर जलपान, भोजन, दक्षिणा आदि दान प्रदान गर्ने चलन छ। भोजनोपरान्त भिक्षुहरूले दाताहरूको इच्छा अथवा अनुरोध अनुसार मंगलकामना गरी परित्राण-पाठ, आशीर्वाद तथा धर्मोपदेश दिने चलन छ। यसरी निमन्त्रणा नभएको खण्डमा भिक्षुहरूले भिक्षा मागेर खाने अथवा कसैले आफूलाई पहिला दान दिइराखेको चामल, पैसा आदि खर्च गरी कुनै मानिसलाई विहारमा खाना-पिना पकाउन लगाई अथवा आफैंले पकाएर खानु हुन्छ। भिक्षुहरूले बिहान अन्दाजी ६ बजे ७ बजेतिर यागु, रोटी, तरकारी आदि सहित जलपान खानुहुन्छ र दिउँसो ११ देखि १२ बजे सम्ममा भोजन खानु हुन्छ। विरामी नभएका भिक्षुहरूले १२ बजेपछि चिया, फलफूलको रस आदि पिउने बाहेक ठोस खाना खानु हुँदैन भन्ने विनय नियम छ। यसरी श्रद्धालु दाताहरू नै भिक्षुहरूको आर्थिक स्रोत बनेका छन्।

प्रश्न – भिक्षुहरूले माछा मासु खानु हुन्छ कि हुँदैन ?

उत्तर – भिक्षुहरूले मादक पदार्थ अथवा नशालु पदार्थ बाहेक मानिसहरूले खाने सबै प्रकारको खाना-पिना सेवन गर्नु हुन्छ। भिक्षुले माछा मासु अर्डर दिएर वा कसैलाई काट्मार



Downloaded from http://dhamma.digital

गर्न लगाएर खानु हुँदैन। कसैले सजीव प्राणीलाई काट्मार गरिरहेको बेलामा आफूले देख्यो वा नदेखे पनि मारिरहेको बेलामा त्यस प्राणी कराएको सुन्यो भने भिक्षुले त्यो मासु खानु हुँदैन। त्यसरी नदेखेको नसुनेको भए पनि दाताहरूले मासु पकाई दान दिन ल्याउँदा भिक्षुको मनमा "यो दाताले विशेष गरी मेरो लागि प्राणी मारेर ल्याएको मासु हो कि!" भन्ने शंका मात्र आए तापनि त्यो मासु खानु हुँदैन। शंका नभएको, पकाई सकेको माछा मासु त हामीले खाए पनि नखाए पनि सागपात जस्तै कुहिएर नै जाने भइसकेको हुनाले त्यस्तो माछा मासु खाए पनि विनय नियम अनुसार भिक्षुलाई केही आपत्ति छैन।

प्रश्न – के हामीले पनि भन्तेहरूलाई घरमा निमन्त्रणा गरे हामीले पकाएको खाना-पिना स्वीकार गर्नु हुन्छहोला त? हामीहरूलाई केही थाहा छैन; भन्तेहरूलाई के के पकाएर दिनु पर्छहोला?

उत्तर – हामी भिक्षुहरूलाई जसको घरमा भए पनि श्रद्धाले निमन्त्रणा गरेको ठाउँमा हामी गएर खाना-पिना दान प्रदान आदि स्वीकार्ने गरेका छौं। भन्तेहरूलाई भनेर यस्तै खाना चाहिन्छ वा यही पकाएर दिनु पर्छ भनेको छैन। जाँड, रक्सी आदि नशालु पदार्थ बाहेक मानिसहरूले खाने जे खाना पकाएर दिए पनि हुन्छ। अरू केही विशेष प्रकारको खाना पकाउने आवश्यकता छैन। तिमीहरूले घरमा जे खाने गरेका छौ, त्यही खाना-पिनालाई अलि सफा पारेर पकाई दान दिए त भइहाल्छ नि। हामीलाई खाना-पिना जसले पकाएर दिए



Downloaded from http://dhamma.digital

पनि जात-पातको केही मतलब छैन; सुग्घरसफाइको मात्र मतलब छ। भगवान बुद्धको धर्म उपदेश अनुसार, जन्मले कसैको जात ठूलो पनि बन्दैन; सानो पनि बन्दैन। मानिस् ठूला-बडा वा साना बन्ने उसको आफ्नै ज्ञान बुद्धि र काम (कर्म) ले नै हो – जातले होइन। जो मानिससंग ज्ञान बुद्धि छ र जसले ठूलो राम्रो काम गरेको हुन्छ त्यही ठूला-बडा तथा उच्च जातको मानिस हो; जो मानिससंग ज्ञान बुद्धि छैन वा भए पनि मूर्ख नीच काम गर्दछ, त्यही नीच जातको मानिस हो। धर्म गर्ने मानिस जहिले पनि पवित्र हुन्छ। उसको खुशी मनले दिएको आशीर्वाद पनि लाग्दछ। त्यसकारण, हामी भन्तेहरूलाई खाना-पिना जसले पकाए पनि राम्रो सफा भए हुन्छ।

प्रश्न – मानिसहरू विहारमा गएर कसरी बस्ने, बुद्धलाई के चढाउने वा कसरी पूजा गर्ने भनेको केही नियम अथवा तरिका त होला नि! छैन र ?

उत्तर – मानिसहरू विहारमा यसै गरी बस्नु पर्छ र बुद्धलाई यही चढाउनु पर्छ भन्ने केही नियमहरू छैनन्। विहारमा गएर कसरी बस्ने बुद्धलाई के चढाउने वा कसरी पूजा गर्ने भनेको त आफ्नो मनको श्रद्धा, भक्ति र धर्म संस्कृतिको कुरा हो। साधारण त मानिसहरू विहारमा गएर बौद्ध शिष्टाचार अनुसार अर्ध पलेटी कसेर बसी भक्तिपूर्वक पूजा-पाठ गर्ने चलन छ। मानिसहरू विहारमा जाँदा पहिला बुद्धको अगाडि गएर घुँडाले भुईंमा टेकी पन्चाङ्ग दण्डवत गर्छन्; भिक्षुहरूलाई पनि वन्दना वा अभिवादन गर्दछन्।



Downloaded from http://dhamma.digital

यसरी अभिवादन गर्ने श्रद्धालु व्यक्तिलाई आयु, वर्ण, सुख र बल वृद्धि हुन्छ भनी बुद्धले आज्ञा गर्नुभएको छ। बुद्धलाई पशु-पन्छी बलि दिने वा जाँड रक्सी आदि नशालु पदार्थ चढाउने गर्नु हुँदैन। श्रद्धालु उपासक उपासिकाहरूले राम्रा फलफूल, चोखो जल, मैनवत्ती आदि शुद्ध पदार्थहरू सबै प्रायः गरी अलग अलग किस्ती वा रिकापीहरूमा राखी चढाउँछन्। बुद्धलाई सिन्दुरी लेख्ने, चामल छर्काएर पूजा गर्ने वा पैसाले हिर्काएर चढाउने गर्दैन। यस्तो कुराहरू त विहारमा जाँदा अरू मानिसहरूले गरेको हेर्दाहेर्दै त्यसै थाहा भएर आउँछन् – तिमीले केही थाहा छैन भनेर डर तथा लाज मानेर बस्नु पर्दैन।

प्रश्न – के हामी पनि विहारमा आउनु हुन्छ त ? विहारमा गएर के गर्नु पर्दछ ?

उत्तर – विहारमा गएर बुद्ध, धर्म, संघलाई आदर गर्नु पर्छ। विहार भनेको सार्वजनिक धार्मिक स्थल हो। विहार हेर्न, भगवान् बुद्धलाई दर्शन तथा पूजा-पाठ गर्न, भिक्षुहरूबाट उपदेश सुन्न, ध्यान भावना गर्न, दान धर्म गर्न वा बुद्धधर्म सम्बन्धी केही कुरा सोध्न सबै जना विहारमा जान सक्नुहुन्छ – स्वागत छ। यस्तो पवित्र धारणा अथवा श्रद्धा मन लिएर विहारमा आउनुलाई पैसा तिर्नुपर्छ वा विहारको सदस्य नै बन्नुपर्छ भन्ने केही छैन। तिमीले आफ्नो साथी वा आमा बुबासंग कुरा गर्न गएझैं मानिसहरूले धार्मिक गुरु भिक्षुहरूसंग सजिलो पहुँच पाइराखेका छन्। विहारमा नयाँ मानिसहरू पसे र धेरै मानिसहरू विहारमा आएर धर्म



Downloaded from http://dhamma.digital

कर्म गर्न थाले भने विहार निवासी भिक्षुहरूले त झन् मन पराउनु हुन्छ ।

प्रश्न – सुनन्द भन्ते ! बनेपाको थागुँ डाँडा जंगल, सिद्धार्थ विश्वविद्यालय निर्माण स्थल, यस्तो उच्च रमणीय ठाउँमा बसेर बुद्धधर्म सम्बन्धी तपाईंको कुरा सुन्दासुन्दै मलाई त ध्यान सिक्न जिज्ञासा भइरहेको छ । तपाईंले मलाई करुणापूर्वक ध्यान सिकाइदिनु हुन्छ कि ?

उत्तर – सरला ! ध्यान गर्नु भनेको गम्भीर कुरा हो । ध्यान गर्नु अघि तिमीले धेरै पेटभरी खाना खानु हुँदैन । भएमा ध्यान गर्नलाई तिमीले सुकिलो तथा अलि खुकुलो वस्त्र लाउनु पर्दछ । तिमीले शान्त एकान्त स्थानमा पलैंटी कसेर बसी जीउ सीधासंग राख्नु । आँखा चिम्ली मन एकचित्त गरी आश्वास-प्रश्वासमा ध्यान राख्नु । तिम्रो नाकबाट सास भित्र आएमा सास नाकभित्र आयो भनी याद गरिरहनु र सास नाकबाहिर गएमा सास नाकबाहिर गयो भनी याद गरिरहनु । नाकभित्र पसेको सास कस्तो छ र नाकबाहिर निस्केको सास कस्तो छ त्यसमा मात्र मन लगाएर ध्यानपूर्वक ५ मिनेटसम्म हेरिरहनु । अनि अर्को पटक ध्यान गर्दा अलि बढी समय दिएर त्यही दोहोरो दोहोरो गरी ध्यान गर्दै लैजानु । यसरी ध्यान गर्दै क्रमैसंग समय बढाउँदै लगी २-३ हप्ताको अवधिभित्र तिमीले एक पटक बसाइमा ४५ मिनेटसम्म नचलीकन ध्यान गर्न सक्नु पर्दछ । त्यसो गर्दाखेरि तिमीलाई शान्त सुख अनुभव हुन थाल्छ । पाप अकुशल चित्त हटेर गई तिमीलाई धेरै पुण्य लाभ हुन्छ । ध्यानले मन शान्त पवित्र हुनुका साथै विभिन्न प्रकारको रोग निको हुन्छ । तर



Downloaded from http://dhamma.digital

ध्यान गर्नुको मुख्य उद्देश्य निर्वाण सुख अवबोध अथवा अनुभव गर्ने हुनुपर्दछ। त्यसकारण, तिमीले ध्यान सम्बन्धी कुरा यति मात्र सिकेर पुग्दैन – समथ भावना र विपस्सना भावना भनेको पनि बुझ्नु पर्दछ। यसको लागि तिमीले कम्तीमा ३-४ हप्ता भए पनि तिमी हामीहरूसंग अथवा ध्यान ज्ञानको अनुभवी कुनै ध्यान गुरुसंग बसी ध्यान सिक्नु र अभ्यास गर्नु तिम्रो लागि ठूलो लाभ हुनेछ।

प्रश्न – निर्वाण भनेको के हो ? र त्यो कसरी प्राप्त गर्ने ?

उत्तर – राग, द्वेष, मोहबाट मुक्त स्थिति परम सुख निर्वाण हो। निर्वाण प्राप्त भएको व्यक्ति जन्म मरणको भुमरी चक्रबाट मुक्त हुन्छ। बौद्धहरूले बुद्धधर्मलाई धारण पालन गर्नुको सर्वोत्तम लक्ष्य नै निर्वाण हो। हामीले आसक्ति, आवेश र अज्ञानलाई निर्मूल पारी मध्यम मार्ग याने - शील, समाधि, प्रज्ञाको भाविता तथा परिपूर्णता गरेको स्थितिमा हामीलाई निर्वाण सुख लाभ हुन्छ। तिमीले यस विषय विस्तृत रूपले जान्न चाहेमा "निर्वाण मार्ग" नामक मेरो उपदेश प्रवचन ओडियो क्यासेट भाग १-३ सम्ममा रिकर्ड गरी राखेको सुन्न सक्नेछौ।

सरला – पूज्य सुनन्द भन्ते ! तपाईंले मलाई विभिन्न प्रश्नहरूको जवाफ प्रत्यक्ष एवं स्पष्टसंग दिई भगवान् बुद्धको गम्भीर धर्म उपदेशलाई सरल र सुगम भाषामा व्याख्यान गरी बुझाइदिनुभयो र मेरा जिज्ञासाहरू सबै पूरा गरी धर्म बोध गराइदिनुभयो। म धेरै हर्षित भएँ र तपाईं गुरु भन्ते प्रति म धेरै कृतज्ञ छु। आजदेखि जीवनभरसम्म म बुद्ध, धर्म,

संघको शरणमा जान्छु । करुणापूर्वक मलाई बौद्ध बन्ने दीक्षा दिनुहोला ।

भिक्षु – सरला ! तिमीसंग बुद्धधर्ममा अगाध श्रद्धा छ, भक्ति छ। म तिमीलाई बौद्ध बन्ने दीक्षा दिलाउन मन्जूर छु। यो बौद्ध दीक्षा प्रतिज्ञा हासिल गर्नुका साथै तिमीले शील, समाधि, प्रज्ञालाई अप्रमादपूर्वक सम्पादन गर्दै बुद्धशासनमा आई निर्वाण सम्पत्ति लाभ गर्नेतर्फ लाग र तिम्रो जीवन सफल पार !

सरला – साधु ! हवस् भन्ते !

भिक्षु – तथा गृहस्थी –

बुद्धं सरणं गच्छामि ।
धम्मं सरणं गच्छामि ।
संघ सरणं गच्छामि ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# लेखकको चिनारी



नाम : डा. भिक्षु सुनन्द

जन्म मिति : चैत्र दशमी, वैशाख १०, २००२ (April 6, 1946)

जन्म स्थान : दछुटोल, बनेपा, नेपाल।

पिता माता : काजी बहादुर पुतुवार तथा दीर्घमाया पुतुवार

प्रव्रज्या स्थान : शाक्यसिंह विहार, ललितपुर।

प्रव्रज्या मिति : June 6, 1969

उपाध्याय : संघनायक प्रज्ञानन्द महास्थविर

उपसम्पदा स्थान : वाट बोवोरनिवेस विहार, बैंकक।

उपसम्पदा मिति : July 1, 1972

उपाध्याय : सोमदेत संघराज फ्रा ञाणसंवर महाथेरो

शैक्षिक योग्यता : बी. ए. दर्शनशास्त्र (सर्वप्रथम श्रेणी), 1978, महामकुट बुद्धिस्ट यूनिभर्सिटी, बैंकक, थाइलैण्ड। एम. ए. दर्शनशास्त्र 1981, बनारस हिन्दू यूनिभर्सिटी, इण्डिया। एम. टी. एस., डब्बल एम. ए., 1984, हार्वार्ड (Harvard) यूनिभर्सिटी, क्याम्ब्रिज, अमेरिका। पिएच.डी. दर्शनशास्त्र, 1988, अमेरिकन यूनिभर्सिटी वासिङ्गटन डी.सी. अमेरिका।

लेखक : *शिष्टाचार; The Buddhist Sangha: Paradigm of the Ideal Human society; Nepal –Constitution and Religion: A Question of Religious Liberty; Mental Phenomena and Meditation;* इत्यादि।

रचनाकार : उचित विवाह, बौद्ध भजन र ज्ञानोदय भजनका क्यासेटहरू।

अध्यापन : जोर्ज मेशन यूनिभर्सिटी, यूनिभर्सिटी अफ डिस्ट्रिक्ट अफ कोलम्बिया, अमेरिका, आदि।

उपदेशक : विभिन्न थरिका श्रोताहरूबीच बुद्धधर्म तथा दर्शनको व्याख्यान।

संस्थापक : सिद्धार्थ यूनिभर्सिटी, वासिङ्गटन डी.सी., अमेरिका।

अध्यक्ष : सिद्धार्थ विश्वविद्यालय (योजना तथा स्रोत परिचालन समिति), बनेपा, नेपाल।


हाल बसेको ठेगाना : **आनन्द विहार क्याम्पस, शाक्यसिंह विहार,** थैनाटोल, ललितपुर-१२, नेपाल।

फोन ५३०-६०७


Downloaded from http://dhamma.digital